नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

# २०८०/०८१ अङ्क-६ विद्यालय शिक्षा सम्बन्धी गतिविधि-७३ (पूर्णाङ्क २७९)

## स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति गठन एवं सहजीकरणका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अनुरोध

विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० को दफा ६ बमोजिम आफ्नो स्थानीय तह भित्रका विद्यालयहरूको भौतिक एवं प्राविधिक पक्षको अध्ययन अनुगमन, विद्यालय निर्माण एवं पुनर्सवलीकरण, लैङ्गिक समता एवं समावेशीकरण, विद्यालय विपत व्यवस्थापन तथा विपत जोखिम न्यूनीकरण र उत्थानशील शिक्षा तथा बृहत विद्यालय सुरक्षा लगायतका कार्यका लागि स्थानीय तहले स्थानीय पूर्वाधार हेर्ने समिति वा उपसमिति वा कार्यदलको संयोजकको संयोजकत्वमा योजना तथा कार्यक्रम, प्राविधिक (इन्जिनियर), वातावरण क्षेत्र हेर्ने, लैङ्गिक समता एवं समावेशीकरण हेर्ने अधिकृत, शिक्षा शाखा प्रमुख समेत रहने गरी स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति गठन गर्न सक्ने प्रावधान भएकाले सो बमोजिमको समिति गठन गर्नुहुन र समितिलाई देहाय बमोजिमको कार्य जिम्मेवारीका साथ परिचालन गर्नुहुन अनुरोध छ।

**(क) स्थानीय तह भित्रका विद्यालयको भौतिक अवस्थाको सर्वेक्षण गर्ने/गराउने र पुनरावलोकन गर्ने।**

**(ख) विद्यालयको भौतिक पूर्वाधार विकास विस्तार एवम् पुनर्सबलीकरणका लागि गुरूयोजना बनाउने।**

**(ग) विद्यालयको भौतिक पूर्वाधारको संरक्षण सम्बर्द्धन गर्ने/गराउने।**

**(घ) भौतिक निर्माण तथा विकास विस्तार गर्नुपर्ने विद्यालयहरूबारे स्थानीय तहमा सिफारिस गर्ने।**

**(ङ) विद्यालय पूर्वाधार सम्बन्धी कामको अनुगमन गर्ने/गराउने।**

**(च) विद्यालय निर्माण एवं पुनर्सबलीकरण गर्दा वातावरणीय तथा सामाजिक पक्षमा पर्नसक्ने नकारात्मक असरको पहिचान र न्यूनीकरणका लागि सहजीकरण गर्ने।**

**(छ) निर्माण एवं पुनर्सबलीकरणका लागि दिइने कार्यादेशमा वातावरणीय तथा सामाजिक मुद्दाहरूको व्यवस्थापनको प्रावधान राख्ने एवं राख्न लगाउने।**

**(ज) विद्यालयमा हुने लैङ्गिक तथा यौनजन्य हिंसा, बुलिङ दुर्व्यवहार लगायतका हिंसाजन्य कार्य उपरका गुनासो सुनुवाइ गर्ने तथा कारबाही अगाडि बढाउने व्यवस्था गर्ने।**

**(झ) स्थानीय तहको विपद व्यवस्थापन समितिसँग राय सल्लाह परामर्श लिने र समितिबाट तोकिएका कार्य गर्ने।**

**साथै चालु आव २०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम स्थानीय तहको साझेदारीमा विद्यालय भौतिक सर्वेक्षण तथा नक्साङ्कन समेत सोही समितिको नेतृत्वमा कार्य गर्ने। कार्यक्रम सञ्चालनका लागि चालु आव २०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको विधि पद्दतिमा रही देहाय बमोजिम कार्य सम्पादनको व्यवस्था मिलाउनुहुन अनुरोध छ,**

**क) कार्यक्रमका लागि क्षमता विकासका लागि कार्यशाला बैठक छलफलका माध्यमबाट क्षमता विकासका कार्य गर्ने,**

**ख) स्थानीय पूर्वाधार समितिले केन्द्रबाट विकास भएको विद्यालय भौतिक विवरण सर्वेक्षण उपप्रणालीमा समावेश भएका विषयवस्तुको अध्ययन गरी सर्वेक्षण एवं नक्साङ्कनका लागि कार्य योजना तयार गर्ने,**

**ग) यस कार्यमा स्थानीय तहमा कार्यतरत प्राविधिक कर्मचारी विद्यालयमा रहेको प्राविधिक इन्जिनियरलाई समेत परिचालन गरी स्थानीय तहमा भएका सबै विद्यालय भवनहरूको लेखाजोखा गर्ने व्यवस्था मिलाउने र IEMIS मा प्रविष्ट गर्ने,**

**घ) विद्यालयका प्रधानाध्यापक र IEMIS को कार्य जिम्मेवारी तोकिएका शिक्षक कर्मचारीका लागि अभिमुखिकरण सञ्चालन गर्ने,**

**ङ) विद्यालयमा अध्ययननरत विद्यार्थी, भौतिक अवस्था तथा जनसाङ्खिक आधारमा विद्यालयको नक्साङ्कनको प्रतिवेदन तयार गर्ने। प्राप्त प्रतिवेदनका आधारमा स्थानीय शिक्षा समितिबाट विद्यालय अनुमति, विद्यालय समायोजन एकीकरण जस्ता विषयमा निर्णय गर्ने।**

## विद्यालय समायोजन गरी कायम भएका ठूला विद्यालयलाई स्कुल बस व्यवस्थापन गर्न अनुदानका लागि प्रस्ताव पेस गर्ने सम्बन्धी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको सूचना

आर्थिक वर्ष २०८०।०८१ का लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम विद्यालय समायोजन गरी कायम भएका केही ठूला विद्यालयलाई स्कुल बस व्यवस्थापनका लागि अनुदान उपलब्ध गराउने कार्यक्रम भएकाले देहाय बमोजिमका आधार पुगेका इच्छुक विद्यालयहरूले स्थानीय तह र शिक्षा विकास तथा समन्वय एकाइको सिफारिस सहित यही मिति २०८० पौष मसान्तभित्र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा आइपुग्नेगरी प्रस्ताव पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

गत आर्थिक वर्ष बस व्यवस्थापन अनुदानका लागि यस केन्द्रमा प्राप्त प्रस्तावहरू यथावत राखिएको हुनाले ती विद्यालयहरूले पुनः प्रस्ताव पेस गर्नुनपर्ने तर पेस गरेका विवरणहरू (विद्यार्थी सङ्ख्या, समायोजन भएका विद्यालय सङ्ख्या, कक्षा ११ र १२ मा भौतिक विज्ञान, रसायन विज्ञान, जीव विज्ञान विषय अध्यापन भएको मोटरवाटोको अवस्था) मा कुनै संशोधन भएमा तोकिएको समयसीमाभित्रै अद्यावधिक गर्नुहुन समेत यसै सूचनाबाट जानकारी गराइएको छ।

**प्रस्ताव पेस गर्ने विद्यालयका आधारहरू**

**(१) सामुदायिक विद्यालयको रूपमा अनुमति वा स्वीकृति प्राप्त गरी नियमित रूपमा कक्षा १२ सम्म सञ्चालन भएको विद्यालय हुनुपर्नेछ।**

**(२) विद्यालयमा नियमानुसार विद्यालय व्यवस्थापन समिति गठन भएको हुनुपर्नेछ।**

**(३) शैक्षिक सत्र २०७७/२०७८/२०७९/२०८० भित्र दुई वा सोभन्दा बढी विद्यालयहरू एक आपसमा समायोजन वा मर्ज भई हाल तराइ क्षेत्रमा कम्तीमा १८०० पहाडमा १२०० र हिमालमा ६०० विद्यार्थी अध्ययनरत भएको विद्यालय हुनुपर्नेछ।**

**(४) विद्यालयमा बाह्रै महिना सजिलोसँग आवतजावत गर्न मिल्ने भरपर्दो बाटो भएको हुनुपर्नेछ।**

**(५) बस सञ्चालनका लागि फ्युल, मर्मत तथा चालक र सहचालकको खर्च विद्यालय आफैले वा स्थानीय तहले व्यहोर्ने प्रतिवद्धता हुनुपर्नेछ।**

**(६) नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभागबाट जारी भएको स्कुल बस निर्देशिका २०७४ मा भएको व्यवस्था पालन गर्ने प्रतिवद्धता सहित स्थानीय तह र शिक्षा विकास तथा समन्वय एकाइबाट सिफारिस भएको हुनुपर्नेछ।**

**(७) गत आ.व. र चालू आ.व.मा प्रदेश सरकार वा स्थानीय सरकारबाट बस व्यवस्थापनका लागि सहयोग लिइसकेका विद्यालयहरू बाहेकका विद्यालय हुनुपर्नेछ र प्रस्तावको ढाँचा लगायत अन्य विवरण केन्द्रको वेबसाइट www.cehrd.gov.np मा हेर्न सकिनेछ।**

## प्राविधिक धार (कक्षा ९-१२) सञ्चालन गरेका विद्यालय तथा सम्बन्धित स्थानीय तहहरूलाई शिक्षा तथा मानवस्रोत विकास केद्रको सूचना

**पटक पटकको पत्राचार पश्चात् समेत केही विद्यालय एवं स्थानीय तहहरूबाट प्रशिक्षक सहायक प्रशिक्षकहरूको शैक्षिक योग्यता, विषय एवं काम कर्तव्यबारे स्पष्टताका लागि पत्राचार हुने गरेकोले सो सम्बन्धमा २०७६/०३/२८ को पत्र बमोजिम निम्नानुसार गर्नुहुन।**

**कक्षा ९ सञ्चालन गर्दा**

- एक जना प्रशिक्षक (सम्बन्धित विषयमा स्नातक उत्तीर्ण) माध्यमिक तह तृतीय श्रेणी सरह
- सहायक प्रशिक्षक सम्बन्धित विषयमा कक्षा १२ उत्तीर्ण वा CTEVT बाट सम्बन्धित विषयमा Diploma उत्तीर्ण निम्न माध्यमिक तृतीय श्रेणी सरह

**कक्षा १० सञ्चालन गर्दा**

- एक जना प्रशिक्षक (सम्बन्धित विषयमा स्नातक उत्तीर्ण) माध्यमिक तह तृतीय श्रेणी सरह
- सहायक प्रशिक्षक सम्बन्धित विषयमा कक्षा १२ उत्तीर्ण वा CTEVT बाट सम्बन्धित विषयमा Diploma उत्तीर्ण निम्न माध्यमिक तृतीय श्रेणी सरह

**कक्षा ११ सञ्चालन गर्दा**

- विज्ञान शिक्षक- भौतिक विज्ञान, रसायन विज्ञान र जीव विज्ञानमध्ये एकमा स्नातकोत्तर तह उत्तीर्ण (विद्यालयको आवश्यकताको आधारमा) माध्यमिक तह द्वितीय श्रेणी सरह
- प्रशिक्षक सम्बन्धित विषयमा स्नातकोत्तर उतीर्ण माध्यमिक तह द्वितीय श्रेणी सरह-१ (स्नातकोत्तर उपलब्ध हुन नसकेको अवस्थामा कम्तीमा १ वर्षको कार्यानुभव भएको स्नातक उत्तीर्ण राख्न सकिने)

**कक्षा १२ सञ्चालन गर्दा**

- विज्ञान शिक्षक- भौतिक विज्ञान, रसायन विज्ञान र जीव विज्ञानमध्ये एकमा स्नातकोत्तर तह उत्तीर्ण (विद्यालयको आवश्यकताको आधारमा) माध्यमिक तह द्वितीय श्रेणी सरह
- प्रशिक्षक सम्बन्धित विषयमा स्नातकोत्तर माध्यमिक तह द्वितीय श्रेणी सरह-१ (स्नातकोत्तर उपलब्ध हुन नसकेको अवस्थामा कम्तीमा १ वर्षको कार्यानुभव भएको स्नातक उत्तीर्ण राख्न सकिने)

**Lab Assistant**

- कम्तीमा सम्बन्धित विषयमा कक्षा १० (SEE) उत्तीर्ण वा सो सरह १ जना प्राथमिक तह तृतीय श्रेणी सरह प्राविधिकधार तर्फको विद्यार्थी सङ्ख्याको आधारमा प्रति विद्यार्थी रू. १५,०००।- का दरले विद्यालयमा जाने अनुदानबाट Lab Assistant को तलब भत्ता, विद्यार्थीहरूको व्यवहारिक अभ्यास र ल्याब व्यवस्थापनमा खर्च गर्ने व्यवस्था गर्ने, विद्यार्थी सङ्ख्या कम भई Lab Assistant को तलब भत्ता खुवाउन नपुगे विद्यालयले नै व्यवस्था गर्ने,
- कम्प्युटर इन्जिनियरिङ विषय सञ्चालन गरेका विद्यालयहरूबाट विषयको हकमा पटक पटक स्पष्टताका लागि सोधनी हुने गरेको सन्दर्भमा हालसम्म निम्नानुसारको शैक्षिक योग्यता भएका उम्मेदवार मध्येबाट मात्र प्रशिक्षक छनोट गर्ने।
  - ✔ **BE–Computer Engineering**
  - ✔ **BE–Information Technology**
  - ✔ **BE–Software Engineering**
  - ✔ **BE–Computer System Engineering**
- धेरै जसो प्रशिक्षकहरूबाट विद्यालयले अन्य विषयहरू पढाउनका लागि नियमित रूटिनमा राखेको कारण प्राविधिक धारका विषयहरूमा प्रयोगात्मक कार्य एवं व्यावहारिक अभ्यास गराउने कार्यमा बाधा पर्न गएको भन्ने गुनासो आएको हुनाले शैक्षिक गुणस्तर कायम गराउन आवश्यक प्रयोगात्मक कार्य र व्यवहारिक अभ्यास गराउने कार्यमा बाधा अवरोध नहुने गरी गुणस्तरीय प्राविधिक शिक्षा प्रदान गर्ने सुनिश्चितता गर्नुपर्ने।

## टेलिभिजनबाट श्रव्यदृश्य पाठ प्रसारण सम्बन्धी सूचना

विद्यालय शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तकमा आधारित भई यस केन्द्रबाट उत्पादन गरिएका कक्षा १०, ९, ८ र ७ का श्रव्यदृश्य पाठहरू बिहान ६:०० बजेदेखि ८:३० बजेसम्म २ घन्टा ३० मिनेट र कक्षा ६, ५, ४, ३, २, १ र १० का श्रव्यदृश्य पाठहरू अपरान्ह ४:३० बजेदेखि साँझ ७:०० बजेसम्म २ घन्टा ३० मिनेट शनिबार बाहेक हरेक दिन नेपाल टेलिभिजनको **NTV+** च्यानलबाट प्रसारण गरिँदै आइएको छ। यसरी प्रसारण गरिने श्रव्यदृश्य पाठहरूबाट विद्यार्थीहरूले फाइदा लिन सक्ने वातावरण बनाई दिनुहुन सम्पूर्ण अभिभावक, शिक्षक तथा सम्बन्धित सरोकारवालाहरू समक्ष अनुरोध छ। साथै सबै विद्यार्थीले उक्त पाठहरू हेरी लाभ लिनुहुन अनुरोध गरिन्छ।

श्रव्यदृश्य पाठहरूको प्रसारण समय तालिका यस केन्द्रको वेबसाइट **cehrd.gov.np** मा हेर्न सकिनेछ। कक्षा १ देखि १० सम्मका श्रव्यदृश्य पाठहरू केन्द्रको Youtube Channel: **www.youtube.com/ncedvirtual** बाट पनि आफ्नो अनुकूल समयमा आवश्यकता अनुसार हेर्न सकिनेछ।

## श्रव्य पाठ प्रसारण सम्बन्धी सूचना

रेडियो नेपालबाट आइतबार बाहेक प्रत्येक दिन कक्षा ९ का अनिवार्य विषयका श्रव्य पाठहरू साँझ ५:१५ देखि ५:४५ बजेसम्म र कक्षा ११ र १२ का अनिवार्य विषयका श्रव्य पाठहरू बेलुकी ८:२५ देखि ८:५५ बजेसम्म नियमित रूपमा प्रसारण भइरहेका छन्। यसरी प्रसारित श्रव्य पाठहरूबाट सम्बन्धित विद्यार्थीहरूले फाइदा लिन सक्ने वातावरण बनाइदिनुहुन सम्पूर्ण अभिभावक, शिक्षक तथा सम्बन्धित सरोकारवालाहरू समक्ष केन्द्र हार्दिक अनुरोध गर्दछ। श्रव्य पाठहरूको प्रसारण समय तालिका यस केन्द्रको वेबसाइट **cehrd.gov.np** मा हेर्न सकिनेछ। प्रसारित उक्त श्रव्य पाठहरू केन्द्रको फेसबुक पेज **www.facebook.com/radiodistance** मा पनि सुन्न सकिनेछ।